नेपाल सरकार
अर्थ मन्त्रालय
**आन्तरिक राजस्व विभाग**

# <u>प्रेस विज्ञप्ति</u>

आन्तरिक राजस्व विभागले आज मिति २०७७।०५।१५ देखि अनलाईन मार्फत विद्युतीय सेवा एवम् सूचना प्रवाह गर्ने तथा करदाताहरुको पहुँच अभिवृद्धि गर्न साविकको वेबसाईट अद्यावधिक गरी नयाँ स्वरुपमा सञ्चालनमा ल्याएको छ। नयाँ वेबसाईटमा देहायका विशेषताहरु रहेका छन ।

१. करचुक्ता प्रमाणपत्रको आधिकारिकता पुष्टि गर्नको लागि करदाताले पेश गरेको करचुक्ता प्रमाणपत्रको आधिकारिकता जाँच गर्ने प्रणली विकास गरी मूख्य पृष्ठमा राखिएको ।
२. Tax Calculator लाई अद्यावधिक गरी सरल तरिकाले पारिश्रमिक आय गणना गर्न सकिने बनाईएको ।
३. स्थायी लेखा नम्बर खोजी (PAN Search) लाई थप परिस्कृत गरी करचुक्ता लिए/नलिएको समेत विवरण देखिने गरी अद्यावधिक गरिएको ।
४. करदाताहरुलाई अद्यावधिक सूचना तथा शिक्षामूलक जानकारी व्यानरको रुपमा विकास गरी वेबसाईटको शुरुमा Slider/Carousel को रुपमा राखिएको ।
५. करदाता शिक्षा तथा सचेतना अभिवृद्धि गर्ने Standard Operating Procedure (SOP), करदाता दर्ता, कर विवरण र कर दाखिला, कर फिर्ता, भुक्तानीमा कर कट्टी सम्बन्धी व्यवस्था, कर छुट पाउने संस्था सम्बन्धी व्यवस्था जस्ता सूचना सामग्रीहरु तयार गरी वेबसाईटको मूख्य पृष्ठमा करदाता शिक्षा मेनुमा राखिएको ।
६. करका दर तथा छुट सुविधाहरु सम्बन्धी जानकारी करदाताले सहज रुपमा प्राप्त गर्न सक्ने गरी वेबसाईटको मूख्य पृष्ठमा राखिएको ।
७. विभाग अन्तर्गतका प्रत्येक कार्यालयको छुट्टाछुट्टै वेब पेज रहने गरी वेबसाईटमा कार्यालयहरुको मेनु राखिएको । कार्यालयहरुको पेज उक्त कार्यालयहरु स्वयंले व्यवस्थापन गर्न सक्ने व्यवस्था मिलाईएको छ ।
८. बेबसाईटमा IRD Chatbot नामको Interactive Chatbot विकास गरिएको, उक्त च्याटबोटले करदातालाई स्वचालित रुपमा कर सम्बन्धी विविध पक्षहरुको जानकारी दिने, करदाताको जिज्ञाशाहरुलाई Navigate, सो सम्बन्धी कानुनी व्यवस्था, प्रणालीमा रहेको सो सम्बन्धी व्यवस्था, एवम् प्रणालीको लिंक समेत प्रदान गर्दछ ।

नेपाल सरकार
अर्थ मन्त्रालय
**आन्तरिक राजस्व विभाग**

९. आयकर, मूल्य अभिवृद्धि कर र अन्तःशुल्क सम्बन्धी बारम्बार सोधिने प्रश्नहरु (FAQ) अद्यावधिक गरी Interactive रुपमा करदाताले आफ्नो जिज्ञाशाहरु सम्बन्धी विस्तृत जानकारी प्राप्त गर्न सक्ने गरी मूख्य पृष्ठमा राखिएको ।

१०. विभागका नियमित प्रकाशनहरु मध्ये वार्षिक प्रतिवेदन र कर बुलेटिनहरु मूख्य पृष्ठमा सुरुमा नै हेर्न मिल्ने गरी राखिएको । प्रकाशन मेनु अन्तर्गत कर बुलेटिन, प्रतिवेदन/फैसला, स्मारिका, बार्षिक प्रतिवेदन, करदाता शिक्षा सामाग्रीहरु र सूचनाको हक सम्बन्धी प्रकाशनहरु अद्यावधिक रुपमा राखिएको ।

११. कर सम्बन्धी कानुनहरु (ऐन, नियम तथा निर्देशिका) मूख्य पृष्ठमा सुरुमा नै हेर्न मिल्ने गरी राखिएको । ऐन, नियम तथा नियमावलीहरु, निर्दशिकाहरुको पेजमा सबैभन्दा पछिल्लो संसोधन सहितका अद्यावधिक कानुनी दस्तावेजहरु राखिएको ।

१२. विभागको आधिकारीक फेसबुक तथा ट्वीटर पेजहरुको विवरण र लिंकलाई वेबसाईटमा Embed गरी वेबसाईटमा नै हेर्न मिल्ने एवम् उपरोक्त सामाजिक संजालको पेजमा जान मिल्ने गरी Social Media खण्डको विकास गरिएको ।